# धुनिवेशी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

खानीखोला, धादिङ

बागमती प्रदेश, नेपाल

पत्र संख्या : ०७८/७९

चलानी नम्बर :

## प्रस्ताव आव्हान सम्वन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७८/०८/५

धुनिवेशी नगरपालिका, पशुपन्छी विकास शाखाको आ.व. २०७८/७९ को वार्षिक स्विकृत कार्यक्रम अनुसार तपसिलमा उल्लेखित कार्यक्रम लागत साझेदारीमा संचालन गर्नुपर्ने भएकोले हुंदा ईच्छुक कृषक/समूह/सहकारी/तथा कृषि तथा पशुपालन फार्महरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशन भएको मितिले १५ दिन अर्थात (मिति २०७८/०८/१९) भित्र धुनिवेशी नगरपालिका, पशु सेवा शाखा, खानीखोलामा आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै थप जानकारीको लागि धुनिवेशी नगरपालिका पशु सेवा शाखामा सम्पर्क गर्न सकिनेछ ।
रित नपुगी आएको तथा म्याद नाघी आएको निवेदन उपर कुनै कारवाही हुने छैन ।

**तपसिल :**

| क्र.सं. | कार्यक्रमको नाम | संख्या | लागत साझेदारी | कैफियत |
|---|---|---|---|---|
| १ | च्यापकटर खरिद तथा वितरण | २० | च्यापकटर कार्यालयबाट प्राप्त हुने र विद्युतीय मोटर निवेदक आफैले खरिद गर्नुपर्नेछ । | पशु संख्याको आधारमा वितरण गरिने<br>१. गाई कम्तिमा ५ माउ<br>२. भैंसी कम्तिमा ३ माउ<br>३. बाखा कम्तिमा २० माउ |

**आवेदन साथ पेश गर्नुपर्ने कागजातहरु**

१. निवेदन (पशु सेवा शाखाबाट प्राप्त हुने)
२. व्यवसायिक पशुपालक कृषक/फार्म/समूह/सहकारीको फर्म दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि ।
३. कार्यक्रम संचालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५ वर्षको सम्झौतानामा ।
४. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमापत्रको प्रतिलिपि ।
५. कार्यक्रम माग गर्ने सम्बन्धि निर्णयको प्रतिलिपि (नीजी कृषक, फार्मलाइ आवश्यक नपर्ने)
६. सम्वन्धित वडा कार्यालयको सिफारीस पत्र ।

टंक बहादुर कटुवाल
अधिकृत (छैटौं)